# झापा जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (बिगो नं.१४२ तहसिल शाखा)

सूचना ।  सूचना ।।

सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला झापा दमक न.पा. वडा नं ६ बस्ने कुलराज नेपाल प्रतिवादी सुजता श्रेष्ठ भएको मुद्दा नं. ०७४-CP-०१६० को लेनदेन मुद्दामा झापा जिल्ला अदालतको मिति २०७५/०४/२७ को फैसला बमोजिम ठहरेको साँवा रु १५,९०,०००।–सो को लिखत मिति २०७२।१०।०४ देखि भरिभराउका मिति सम्मको कानुन बमोजिमको ब्याज ६,१४,३५८.३३।- कोर्ट फी रु.२२,३१२/-नपुग कोर्ट फी ३,५०१.५८ समेत जम्मा बिगो रु २२,३०,१७१.९१।- दिलाई भराई पाउँ भनी वादीको दरखास्त परी फैसला कार्यान्वयनको सिलसिलामा प्रतिवादीलाई जारी भएको ३५ दिने म्याद मिति २०७६/०२/०२ मा रीतपूर्वक तामेल भई निर्दिष्ट मितिभित्र प्रतिवादीले सो रकम दाखेला नगरेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त जेथाको पंचकृते मूल्य मिति २०७६/०५/१९ मा कायम भईसकेकोले विगोले थामेसम्मको जेथा उक्त पंचकृते मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७६/०८/१५ गतेको डाक बढाबढ तारेख तोकिएको छ । यो सूचना तपसिल समेतका जग्गामा-१, दमक न.पा. ५ नं वडा कार्यालय -१, मालपोत कार्यालय, भद्रपुर-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ । डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७६/०८/१५ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पंचकृते मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिलः

| जिल्ला | न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(व.मी.) | दर्तावाला | पंचकृते मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| झापा | दमक | ६ | ३३९४१ | ०-०-१४$^{३।४}$ | सुजता श्रेष्ठ | प्रति धुर रु.१,९०,०००।– एकलाख नब्बे हजारमात्र | |

इति सम्वत् २०७६ असोज ३० गते रोज ५ शुभम्.................................................